**SET-4**

**Series JMS**

कोड नं.
**Code No. 17**

रोल नं.
Roll No. | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **7** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **7** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ़्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन ।
- Please check that this question paper contains **7** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **7** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली
# NEPALI

*निर्धारित समय : 3 घण्टे* — *अधिकतम अंक : 80*
*Time allowed : 3 hours* — *Maximum Marks : 80*

*THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :*

| | | |
|---|---|---|
| SECTION A : | Reading Comprehension (पढ़ाइ कौशल बोध) | 15 Marks |
| SECTION B : | Grammar (व्याकरण) | 15 Marks |
| SECTION C : | Writing & Composition (लेखाइ एवं रचना कौशल) | 25 Marks |
| SECTION D : | Literature (साहित्य) | 25 Marks |

## SECTION A

**1.** (अ) निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

उचित समयमा सबै काम गर्ने आदतलाई समय–निष्ठा भनिन्छ । मनुष्यको जीवन अति छोटो छ अनि छोटो जीवनमा सम्पन्न गर्नुपर्ने कामहरू धेरै छन् । यस्तो अवस्थामा हामीमा उचित समयमा उचित काम गर्ने प्रवृत्ति छैन भने हामी जीवनमा कहिले पनि सफल हुने छैनों । हामीले आफ्नो जीवनलाई उन्नतिशील र सफल तुल्याउनु हो भने आफ्नो अमूल्य समयलाई व्यर्थमा नष्ट गर्नु हुँदैन । एकपल्ट बितेर गएको समय फेरि फर्केर आउँदैन । यसउसले हामीले एक पल समय पनि नफाली त्यसलाई उचित काममा प्रयोग गर्नुपर्छ ।

जीवनका प्रत्येक क्षेत्रमा मानिसले समय–निष्ठाको सम्झना गर्नुपर्छ । समयनिष्ठाको विद्यार्थी–जीवनमा ठूलो महत्व छ । जुन विद्यार्थी उचित समयमा आफ्नो पाठको अध्ययन गर्छ, जो उचित समयमा लेख-पढ़, खेल-कूद गर्छ नियमित रूपले श्रेणीमा उपस्थित हुन्छ, उही नै एक सफल विद्यार्थी बन्दछ । नियमितरूपले आफ्नो पाठ अध्ययन गर्ने हुनाले समयनिष्ठ विद्यार्थीलाई परीक्षा कुनै भार बन्दैन । जुन विद्यार्थी उचित समयमा केही काम गर्दैन, उसलाई परीक्षा एक भार बन्दछ अनि परीक्षाको समय असारको पन्ध्र भएर उपस्थित हुन्छ ।

(क) जीवन सफल बनाउनलाई हामीमा कस्ता प्रवृत्ति हुन आवश्यक छ ? *2*

(ख) एक सफल विद्यार्थी बन्ने लक्षणहरू के-के हुन् ? *2*

(ग) समयनिष्ठ विद्यार्थीलाई परीक्षा किन भार जस्तो बन्दैन ? *2*

(घ) विद्यार्थी जीवनमा के को ठूलो महत्व छ ? *1*

(ङ) कस्ता विद्यार्थीलाई परीक्षाको समय असारको पन्ध्र भइदिन्छ ? *1*

(च) विपरीत शब्द लेख्नुहोस् – उचित, सफल *1*

(छ) वाक्य बनाउनुहोस् : *1*
असारको पन्ध्र

(आ) निम्नलिखित पद्य पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

मलाई चिन्न –
पर्दैन इतिहासका पाना पल्टाउन,
यहाँको माटोको कण-कण सुँघिहेर,
मेरो र मेरा पुर्खाको
मिश्रित गन्ध मिल्नेछ !

मलाई जान्न –
पर्दैन गर्न पुरातत्त्वको अध्ययन,
यहाँको रूग्रूगे डाँड़ा, सीमाना र चौकी पुगिहेर –
स्वामीभक्त मेरा सन्तानको
वीरगाथा पवन ओकलिरहेको हुनेछ !

मलाई बुझ्न –
पर्दैन गर्न व्यक्तित्वको मनन्,
यहाँका डाँड़ा, खोंच, कछार,
टारका लहलह फसल चाखिहेर
परिश्रमी मेरा पूर्वजका
रगत, पसीना र हड्डीका मलले
रसिलो भएको मिल्नेछ !

(क) कविज्यूले आफूलाई चिन्न के गर्न पर्दैन भन्छन् ? *1*

(ख) कविज्यूले रूग्रूगे डाँड़ा, सीमाना र चौकीमा किन पुग भन्छन् ? $1\frac{1}{2}$

(ग) लहलह फसल चाख्दैमा कविलाई कसरी बुझ्न सकिन्छ ? $1\frac{1}{2}$

(घ) वाक्य बनाउनुहोस् (कुनै ***एक***) : *1*

वीरगाथा, स्वामीभक्त

## SECTION B

**2.** (क) तलका विविध शब्दहरूबाट सोधिए बयोजिम उत्तर लेख्नुहोस् :

(i) दुइ-दुइवटा अनेकार्थक शब्द लेख्नुहोस् । (कुनै ***दुइ***) *2*

पुतली, हाल, कक्ष

(ii) दुइ-दुइवटा पर्यायवाची शब्द लेख्नुहोस् । (कुनै ***दुई***) *2*

चाँड़ो, उपस्थित, सज्जन

(iii) शुद्ध गरेर लेख्नुहोस् । *2*

(अ) मेरो दिदीलाई घरमा सबैले काली भनी बोलाउँछ ।

(ब) म पुस्तक लिएर पाठशाला गए ।

(iv) निर्देशअनुसार तलका वाक्यलाई परिवर्तन गर्नुहोस् : *2*

भाइ सुत्यो, बत्ती निम्यो । (संयुक्त वाक्यमा)

तिमीले त्यसलाई बोलाएका थियो अनि त्यो आइपुग्यो । (मिश्र वाक्यमा)

(v) निम्न वाग्धारालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् (कुनै ***दुइ***) : *2*

आफ्नो खुट्टामा उभिनु

एकै आँखाले हेर्नु

कान तातेर आउनु

(vi) दुवै भाग मुख्य हुने समासको नाम लेख्नुहोस् ? *1*

(vii) 'हे, ओ, ए' कुन कारकको विभक्तिका चिन्हहरू हुन् ? *1*

(viii) सार शब्द लेख्नुहोस् । (कुनै ***दुइ***) $\frac{1}{2}\times 2=1$

पानीको बगाउ –

धान रोप्दा गाउने गीत –

धेरै दिनसम्म रहने –

(ix) भिन्नार्थक शब्द लेख्नुहोस् । (कुनै ***एक*** जोड़ी) $\frac{1}{2}\times 2=1$

अवलम्ब – अविलम्ब, चरण – चरन

(x) विपरीतार्थक शब्द लेख्नुहोस् । (कुनै ***दुइ***) $\frac{1}{2}\times 2=1$

मुख्य, विस्तृत, सज्जन

## SECTION C

**3.** (क) कुनै ***एक*** विषयमाथि 250 शब्द सम्मको निबन्ध लेख्नुहोस् : *12*

(i) स्वच्छता अभियान

(ii) बालश्रम

(ख) आफु डाक्टर बन्ने सपनालाई सफल तुल्याउन छात्रवासमा बसेर समयको खेर नफाली पढ़िरहेको जनाउँदै आफ्ना अभिभावकलाई एउटा पत्र लेख्नुहोस् । *8*

(ग) नेपालीमा अनुवाद गर्नुहोस् : *5*

A learned Pundit once visited the court of Akbar. He told the king and his courtiers that he had mastery over many different languages. The Pundit could speak many languages fluently. He was so fluent that no one could find out what his mother tongue was.

## SECTION D

**4.** निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस् :

(क) 'परालको आगो' कथाकी मूल पात्रा गौंथलीको संक्षेपमा चरित्र चित्रण गर्नुहोस् । *2*

(ख) 'जति नै मायाले पनि यो मन नै भरिँदैन ।'

(i) उक्त वाक्य कसले कसलाई भनेका हुन् ? *1*

(ii) उक्त वाक्यांश भएको पाठ र लेखकको नाम लेख्नुहोस् । *1*

(ग) छोटा उत्तर दिनुहोस् : *1×4=4*

(i) 'यो लोभी मनलाई जति नै मायाले पनि पुग्दैन ।'
उक्त भनाई कसको हो ?

(ii) चामेको गालामा कसेर कसले दुइ थप्पड़ लगायो ?

(iii) 'बड़ा बारी गर्ने भइस् । ठूलो भाग खालास् ।'
उक्त वाक्यांश कसले कसलाई भनेका हुन् ?

(iv) डाक्टर नानोले आफूले तयार पारेकी क्लोरिनामा कस्ता भाव हाल्न सकेनन् ?

**5.** (क) कुनै ***एक*** कविताको सरल अर्थ लेख्नुहोस् (संक्षेपमा) : *2*

(i) आकाशका तारा के तारा

(ii) यात्री

(ख) 'शहीदहरूको सम्झनामा' – का कवि को हुन् ? 'शहीद' कसलाई भनिएको छ ? *2*

(ग) छोटा उत्तर लेख्नुहोस् :

(i) 'यात्री' कवितामा यात्री भनेर कसलाई भनिएको छ ? *1*

(ii) 'आकाशका तारा के तारा' नामक कवितामा कविज्यूले पृथ्वीका ताराहरू भनेर कसलाई पुकारेका छन् ? *1*

(iii) 'इस् पढ्घु तेरो कविता' कविज्यूले दीयो र पर्यावरणको जिम्मा कसलाई लाएका छन् ? *1*

(iv) 'आकाशका तारा के तारा' कवितामा कविज्यूले टाढ़ामा देख्ने आँखाहरूले के देख्न नसकिएको बताएका छन् ? *1*

**6.** निम्न प्रश्नहरूका छोटा उत्तर लेख्नुहोस् : *1×5=5*

(क) 'परिबन्द' कथामा रनेकी स्वास्नीले रनेलाई कीरो 'नमार ! नमार !' भनेकी कसले सुनेको थियो ?

(ख) ऐते पाइलट को थियो ?

(ग) मोतीले आमालाई सताएकीमा कसरी प्रायश्चित गर्न चाहिन् ?

(घ) लक्ष्मीको विचारअनुसार मानिसलाई राम्रो देख्ने गुणहरू के के हुन् ?

(ङ) हवल्दारलाई कथाकारले प्रथमपल्ट कदाँ भेटेका थिए ?

**7.** निम्न प्रश्नहरूका उत्तर लेख्नुहोस् : *1×4=4*

(क) साहित्यकार शिवकुमार राईद्वारा लिखित कुनै दुइ कृतिहरूका नाम लेख्नुहोस् ।

(ख) तुलसीबहादुर छेत्री 'अपतन' को आफ्ना कुन कृतिले साहित्य अकादमी पुरस्कार प्राप्त गरे ?

(ग) डा. घनश्याम नेपालका कुनै दुइ कृतिहरूका नाम लेख्नुहोस् ।

(घ) मनबहादुर मुखियालाई आफ्ना कुन कृतिले नाटक क्षेत्रमा ख्यातिप्राप्त नाटककार बनायो ?